# कञ्चन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन - २ , रुपन्देही
५ न. प्रदेश , नेपाल

## शौर्य सडक बत्ति जडानको लागि बोलपत्र आह्वानको सूचना

**बोलपत्र नं. KRM/02/076/77**

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः२०७६/०८/१३ शुक्रबार**

यस कञ्चन गाउँकार्यपालिकाको कार्यालय बाट स्विकृत बार्षिक कार्यक्रम बमोजिम शौर्य सडक बत्ति जडान कार्यको लागि इजाजत प्राप्त फर्म तथा संस्थाहरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्बकको बोलपत्र आह्वान गरीन्छ । बोलपत्र पेश गर्न ईच्छुक र योग्य बोलपत्रदाताहरूले थप जानकारीको लागि यस कार्यालयको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्न वा यस कार्यालयको वेबसाइट kanchanmun.gov.np मा हेर्न सकिनेछ।

शर्तहरुः-

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयमा बुझाइ नगदी रसिदका साथ फर्म दर्ता प्रमाणपत्र, नविकरण भएको इजाजत पत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत संलग्न राखी यस सूचना प्रथम पटक पत्रिकामा प्रकासित भएको मितिले ३० दिनको कार्यालय समय भित्र लिखित निवेदन दिइ बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन ।

२. कार्यालयबाट खरीद गरेको बोलपत्र फारम नियमानुसार भरी शिलबन्दी गरी खामको बाहिर कामको विवरण ठेक्का नं. बोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाइ सम्बोधन गरी ३१ औं दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । दर्ता भएको बोलपत्र सोही दिन दिनको २:०० बजे उपस्थित हुन चाहने बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३.प्राप्त भएका बोलपत्रको मान्य अवधि बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा १२० (एक सय बिस) दिन हुनुपर्नेछ। बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्रको मान्य अबधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ। बोलपत्रको साथ प्राप्त हुन आएको तपसिल बमोजिमको जमानत बापतको रकम यस कार्यालयको एन आइ सि एसिया बैंक लि. कञ्चन ३ हरैया शाखामा रहेको धरौटी खाता नम्बर B0CA503262524005 मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बैंकले जारी गरेको (खरीद कार्यको विवरण र ठेक्का नं. समेत उल्लेख भएको) शर्त रहित विडवण्ड संलग्न हुनुपर्नेछ ।

४. बोलपत्र शर्त रहित, प्रत्येक आइटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ। दररेट सच्याउनुपर्ने भएमा सच्याइएको ठाउँमा दस्तखत भएको हुनुपर्नेछ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका, रित नपुगेका, सूचनाको शर्त विपरित भएको बोलपत्रमाथि कुनै कारवाही हुने छैन ।

५. नेपाल सरकारलाइ तिर्नु बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नुपर्ने सबै प्रकारका करहरु दररेटमा समाबेस भएको मानिनेछ ।

६. बोलपत्रको डकुमेन्ट, स्पेशिफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

७. बोलपत्र बमोजिमको शौर्य सडक बत्ति जडान गर्ने स्थान कार्यालयले तोकेअनुसार हुनेछ ।

८.बोलपत्रमा नियमनुसार लाग्ने भ्याट सहितको दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर फरक परेका अक्षरलाइ मान्यता दिइनेछ ।

९. बोलपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा बोलपत्र तथा बोलपत्रजमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ।

१०. प्राप्त बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. सूचनामा उल्लेख नभएका ब्यहोराको हकमा आर्थिक ऐन, सार्वजनिक खरीद ऐन, नियमावली तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

तपसिलः-

| क्र.सं. | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.इ.रकम (मू.अ.कर समेत ) | बोलपत्र जमानत रु. | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १. | KRM/02/076/77 | शौर्य सडक बत्ति जडान कार्य, कञ्चन गाउँ पालिकाभित्रका बिभिन्न स्थानहरुमा | २८,६२,२५०।०० (अट्ठाइस लाख बैसट्ठी हजार दुइ सय पचास रुपैंया मात्र।) | ८०,०००।०० (असी हजार रुपैंया मात्र। ) | ३,०००।०० (तीन हजार रुपैंया मात्र।) |

.................................
कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकिय अधिकृत